# प्रेस विज्ञप्ती

आश्विन ०५, २०७८

## सिद्धार्थ बैंकद्वारा जोन्ता क्लब काठमाण्डौं नेपाललाई सहयोग

सिद्धार्थ बैंक लिमिटेडले २०७८ आश्विन ५ गते मंगलबारको दिन काठमाण्डौ महानगरपालिका कमलादी स्थित जोन्ता क्लब काठमाण्डौं नेपाललाई सामाजिक उत्तरदायित्व अर्न्तगत रु. चार लाख सन्तानब्बे हजार दुई सय रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ । सो रकम बैंकका तर्फबाट का.मु. ुप्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद कडेल ज्युले जोन्ता क्लब काठमाण्डौं नेपालका प्रेसिडेन्ट सीमा गोल्छालाई हस्तान्तरण गर्नुभएको हो ।

बैंकबाट प्राप्त उक्त रकम जोन्ता क्लबले महिला विरुद्ध हुने हिंसाबारे सचेतना जगाउने चेतनामूलक भिडियोहरुको विकास गर्न प्रयोग गर्नेछ । साथै विभिन्न सामाजिक संजालमा उक्त भिडियोको प्रवर्द्धन गरी हिंसा विरुद्ध आवाज उठाउन प्रोत्साहन गर्ने उद्देश्य जोन्ता क्लबको रहेको छ । समाजमा भईरहेका भेदभाव, अत्याचार तथा हिंसाको विरुद्धमा आवाज उठाउने लगायत महिलाहरुको हक अधिकारका लागि कार्यहरु गर्दै आईरहेको संस्था, जोन्ता क्लबलाई बैंकले पुऱ्याएको यस सहयोगबाट महिला सशक्तिकरणमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले विभिन्न सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धि कार्यहरूमा सहभागिता जनाउंदै आएको र आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिदै जाने उद्देश्य बैंकको रहेको छ ।